**THE WEST BENGAL COUNCIL OF RABINDRA OPEN SCHOOLING**
**MADHYAMIK PARIKSHA (SECONDARY EXAMINATION) DECEMBER, 2024**

# नेपाली
# (पुरातन पाठक्रम)

# Nepali
**(Old Syllabus)**

Who registered their names before June, 2023 onwards.

**Time: 3 Hours 15 Minutes** **Full Marks: 90**

## General Instructions for the Examinees

Candidates should write their Name, Roll No. and Registration No. in their respective answer scripts.

The first 15 Minutes are allotted for reading the question paper. Answers should be in brief and to the point.

Write correct question no. against each answer.

Special credit will be given for answers which are brief and to the point.

Marks will be deducted for spelling mistakes, untidiness and bad handwriting. In the right side the marks of questions are given.

छोटो छरितो वस्तुनिष्ठ उत्तरलाई प्राथमिकता दिइने छ। अस्पष्ट र अपरिष्कृत लेख तथा हिज्जेगत अशुद्धि भएमा अङ्क घटाइने छ। प्रश्नका छेउमा दिइएका अङ्कहरू पूर्णाङ्क सूचक हुन्।

**1.** तल दिइएका प्रश्नहरूमध्ये कुनै 15 वटा प्रश्नहरूको उत्तर दिनुहोस् : 1×15=15

(i) 'कविशिरोमणि'— को उपाधि प्राप्त गर्ने कवि को हुन्?

(क) लक्ष्मीप्रसाद देवकोटा

(ख) भानुभक्त आचार्य

(ग) लेखनाथ पौड्याल

(घ) धरणीधर कोइराला

(ii) कवि पुष्पलाल उपाध्याय रचित 'देश महिमा' कवितामा 'महिमा' शब्दको अर्थ के हो?

(क) वर्णन

(ख) महत्त्व

(ग) प्रशंसा

(घ) व्याख्या

(iii) इन्द्रबहादुर राईको कथालेखनलाई तीन चरणमा विभाजन गरिएको पाइन्छ, तीमध्ये दुईवटा चरणहरू आयामेली र लीलालेखन हो भने अर्को चरण कुन हो?

(क) स्वच्छन्दतावादी

(ख) अस्तित्ववादी

(ग) सामाजिक यथार्थवादी

(घ) नारीवादी

(iv) 'आमाबाबु' कुन समासको उदाहरण हो?

(क) द्वन्द्व समास

(ख) कर्मधारय समास

(ग) द्विगु समास

(घ) बहुब्रीहि समास

(v) 'हवल्दार' कथाको पात्र हवल्दारको वास्तविक नाम के थियो?

(क) रामबहादुर

(ख) मनबहादुर

(ग) धनबहादुर

(घ) श्यामबहादुर

(vi) 'नेपालीले धोका दिँदैन बाबु'— यो कथन कुन पाठबाट लिइएको हो?

(क) रातभरि हुरी चल्यो

(ख) अनुताप

(ग) कालो झोला

(घ) जुनेली रेखा

(vii) 'अनुताप' कथामा कसलाई 'धर्मीराजा' भनिएको छ?

(क) काशीकाण्ट

(ख) रामचन्

(ग) जयचन्

(घ) साँइला

(viii) संरचनाका आधारमा कारक कति प्रकारका छन्?

(क) दुई प्रकारका

(ख) तीन प्रकारका

(ग) छ प्रकारका

(घ) आठ प्रकारका

(ix) चारवटा सगण भएको छन्द कुन हो?

(क) शार्दूलविक्रीडित

(ख) मालिनी

(ग) तोटक

(घ) इयाउरे

(x) 'टुप्पी विक्नु' यस वाग्धाराको अर्थ के हो?

(क) इज्जत गुमाउनु

(ख) विधवा हुनु

(ग) ऋण लाग्नु

(घ) दोष लाग्नु

(xi) 'तिम्रो नामम के हो?'— यस किसिमको वाक्यलाई कस्तो वाक्य भनिन्छ?

(क) निश्चयबोधक वाक्य

(ख) विधिसूचक वाक्य

(ग) आज्ञार्थक वाक्य

(घ) प्रश्नवाचक वाक्य

(xii) "तिमी र म त एउटै ड्याङको मुला हौँ, तिम्रो कत्रो माया लाग्ध मलाई"– यो कथन कुन पाठबाट लिइएको हो?

(क) जुनेली रेखा

(ख) रातभरि हुरी चल्यो

(ग) कालो झोला

(घ) सङ्गत

(xiii) 'काम गर्ने कालु, मकै खाने भालु'– नेपाली लोकोक्तिमा यस किसिमको कथनलाई के भनिन्छ?

(क) उखान

(ख) तुक्का

(ग) बाग्धारा

(घ) गाउँखाने कथा

(xiv) मत्ता हात्तीको स्त्रीलिङ्गो रूप तल दिइएका मध्ये कुन सही हो?

(क) भुनी हात्ती

(ख) हात्तिनी

(ग) ढोई हात्ती

(घ) पोथी हात्ती

(xv) 'बिहान' कविताका कवि को हुन्?

(क) अगमसिंह गिरी

(ख) मनप्रसाद सुब्बा

(ग) हरिभक्त कटुवाल

(घ) विरेन्द्र सुब्बा

(xvi) 'दुई उच्छवास' कवितामा कविले सुकेको रुखलाई सहुपयोग गर्न के बनाउने सल्लाह दिएका छन्?

(क) साहुको धन लुकाउने बाकस बनाउनु

(ख) एकान्त गाउँको खहरेमाथि पुल बनाउनु

(ग) दाउराको रूपमा प्रयोग गर्नु

(घ) चिताको काठ बनाउनु

(xvii) 'जुनेली रेखा' कस्तो उपन्यास हो?

(क) मनोवैज्ञानिक उपन्यास

(ख) ऐतिहासिक यथार्थवादी लघु उपन्यास

(ग) आदर्शवादी उपन्यास

(घ) विसङ्गतिवादी उपन्यास

(xviii) एकाङ्की भन्नाले के बुझिन्छ?

(क) एक अङ्कमा लेखिएको नाटक

(ख) पात्रहरू धेरै भएको नाटक

(ग) धेरै अङ्कमा लेखिएको नाटक

(घ) एउटै दृश्य भएको नाटक

(xix) 'हवाइजहाजको पेटभित्र' निबन्धका लेखक को हुन्?

(क) लक्ष्मीप्रसाद देवकोटा

(ख) राजनारायण प्रधान

(ग) पारसमणि प्रधान

(घ) रामलाल अधिकारी

(xx) 'सङ्गत' कथा केमा आधारित कथा हो?

(क) बाल मनोविज्ञानमा

(ख) यौन मनोविज्ञानमा

(ग) आध्यात्मिकतामा

(घ) सामाजिक मनोविज्ञानमा

**2.** तल दिइएका प्रश्नहरूमध्ये कुनै पाँचवटा (5) प्रश्नका उत्तर लेख्नुहोस् : 3×5=15

(i) 'प्रश्नोत्तर' कविताको मूलभाव स्पष्ट पार्नुहोस्।

(ii) 'किसान' कविताको सार छोटकरीमा लेख्नुहोस्।

(iii) ''रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी

बाटामा हिँउदा हिँउदै– च्याट्ट टुट्न सक्छ यो जिन्दगी''– भनेर कविले के भन्ने चाहेका छन् स्पष्ट पार्नुहोस्।

(iv) 'पुष्पराग' कथाका मूल पात्र-पात्राको नाउँ के के हुन्?

(v) शिवकुमार राईको छोटो परिचय लेख्नुहोस्।

(vi) 'गोरखाको मोडेल'– निबन्ध कसले लेखेका हुन्, छोटकरीमा उनको परिचय प्रस्तुत गर्नुहोस्।

(vii) समास केलाई भनिन्छ? उदाहरणसहित परिभाषा लेख्नुहोस्।

(viii) 'हवाइजहाजको पेटभित्र' निबन्धमा के को वर्णन गरिएको छ स्पष्ट पार्नुहोस्?

**3.** तल दिइएका प्रश्नहरूमध्ये कुनै पाँचवटा (5) प्रश्नका उत्तर लेख्नुहोस् : 8×5=40

(i) लक्खीदेवी सुन्दासको परिचय दिंदै उनीद्वारा रचित 'जन्मभूमि' कविताको मूलभाव स्पष्ट पार्नुहोस्। 4+4

(ii) रामलाल अधिकारीको सङ्क्षिप्त परिचय दिंदै 'टीका पनि व्यापार पनि' नाटकको छोटकरीमा व्याख्या गर्नुहोस्। 2+2+4

(iii) 'अनुताप' कथाका कथाकार को हुन् र यस कथामा कसले र किन अनुतापको बोध गरेका छन्? 2+6

(iv) तेंन्जिङ नोर्गे शेर्पा को थिए र उनले विश्वमा कसरी नाम कमाए चर्चा गर्नुहोस्। 2+6

(v) सन्धि केलाई भनिन्छ र यी कति प्रकारका छन् ती के के हुन्? 2+3+3

(vi) 'रातभरि हुरी चल्यो' कथाको सार लेख्नुहोस्।

(vii) सर्वनाम केलाई भनिन्छ र यी कति प्रकारका छन्? उदाहरणसहित परिभाषा लेख्नुहोस्। 3+5

(viii) समीरण छेत्री 'प्रियदर्शी' को परिचय दिंदै 'कालो झोला'– कथाको सार प्रस्तुत गर्नुहोस्। 4+4

**4.** तलका मध्ये कुनै एउटा अङ्ग्रेजीबाट सरल नेपालीमा अनुवाद गर्नुहोस् : 5

(i) Indra Bahadur Rai was a Nepali writer and literary critic from Darjeeling, India. He has been an active writer for over 60 years and has received the Sahitya Academy Award for his work *Nepali Upanyaska Adharharu* Jagadmbashri Puraskar and Agam Singh Giri Smriti Puruskar. Rai was one of the most well-known modern authors of Nepali literature. His first novel *Aaja Ramita Cha* was published in 1964. After that, he entered the field of short stories. His first story was published in 1959. His first book *Vipana Katipaya*, a collection of thirty short stories published in 1960.

(ii) Birds which fly to warm countries from cold countries during winter and return to their homes once winter is over are called migratory birds. There are many birds which fly from Tibet, Bhutan, Ladakh-Bhutan, Ladakha-high mountainous regions of Himalayas during winter. Where it is very cold, snow covers the land and it becomes hard to get food and come down to the plain lands.

**5.** निम्नविषवहरूमध्ये कुनै एउटा विषयमा पत्र लेख्नुहोस् : 5

(i) गाउँमा सम्पन्न स्वतन्त्रता दिवस समारोहबारेमा टाढामा रहेका साथीलाई एउटा व्यक्तिगत पत्र लेख्नुहोस्।

(ii) स्थानीय कुनै प्रकाशलाई पाठ्यक्रममा रहेका पुस्तकहरू मगाउँदै एउटा पत्र लेख्नुहोस्।

**6.** निम्नविषवहरूमध्ये कुनै *एउटा* विषयमा निबन्ध लेख्नुहोस् : 10

(i) रवीन्द्रनाथ ठाकुर

(ii) वर्तमान भारत देशको स्थिति

(iii) विद्यार्थी जीवनमा सामाजिक सञ्जाल यसको प्रयोग र प्रभाव

(iv) परिवार